# लालझाडी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शंकरपुर, कञ्चनपुर

पत्र संख्याः-०७९/८०
चलानी नं.-

सुदुरपश्चिम प्रदेश, नेपाल

मितिः२०७९/०८/०८

**सुचना। सुचना।। सुचना।।।**

उपरोक्त विषयमा यस लालझाडी गाउंपालिका अन्तरगत विपद जोखिम समुदायको पहिचानका लागि तथ्यांक संकलन गर्नुपर्ने भएकाले प्रत्येक वडा बाट तथ्यांक संकलन गर्न २ जना स्वयंमसेवक आवश्यक भएकाले तपसिलका शर्तहरुको अधिनमा रहि योग्यता पुगेका ईच्छुक व्यक्तिले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र अर्थात २०७९/०८/१४ गते भित्र कार्यालय समय भित्र यस पालिकाको लैंगिक समानता तथा सामाजिक सुरक्षा उपशाखामा आवेदन पेश गर्नका लागि यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरुः-**

१. निवेदन थान १
२. न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. नेपाली नागरिकताको प्रतिलिपि
४. अनुभव भए अनुभव प्रमाणपत्रको प्रतिलिपि

**स्वयंमसेवक छनौटको मापदण्डहरु**

१. कम्तिमा SEE उत्तिर्ण गरेको।
२. स्थानीय भाषको ज्ञान भएको र स्थानीय भाषामा सूचना सम्प्रेषण गर्न सक्ने।
३. आफ्नै Smart मोबाईल फोन र यसको Application सम्बन्धि राम्रो दख्खल भएको हुनुपर्ने।
४. समुदाय संग घुलमिल हुन सक्ने र अन्तर सम्बन्धलाई राम्रो संग निभाउन सक्ने।
५. मोबाइलमा आधारित तथ्याङ्क संकलनको अनुभव भएकोलाई विशेष ग्राह्यता दिईनेछ।
६. स्थानीय वासिन्दा हुनुपर्ने र किशोरी/महिला, दलित, गरिब तथा सिमान्तकृत समुदायलाई विशेष ग्राह्यता दिईनेछ।
७. स्वयंमसेवक छनौटको आधार अन्तरवार्ता हुनेछ।

**स्वयंम सेवकले गर्नुपर्ने कार्यहरुः**

१. दैनिक रुपमाकम्तिमा २० वटा घरधुरि सर्वेक्षण गर्नुपर्ने।
२. मोवाइलमा आधारित सर्वेक्षणको तथ्याङ्क सोही दिनको बेलुकि Upload गर्नुपर्ने।
३. प्रत्येक दिन घरधुरी सर्बेक्षणको विवरण नोट गर्ने र वडाले तोकेको सम्पर्क व्यक्तिलाई रिर्पोट गर्ने।
४. एकमुष्ठ नोटको समष्टिगत विवरण सर्वेक्षण पश्चात सम्पर्क व्यक्तिबाट प्रमाणित गराई भुक्तानिको लागि सम्बन्धित पालिकामा पेश गर्नुपर्ने।

**स्वयंमसेवकलाई दिने सुविधा**

१. एक घरधुरी सर्वेक्षण वापत रु.५० को दरले दैनिक भत्ता दिइनेछ। यसमा खाजा खर्च तथा यातायात खर्च सवै समावेश हुने छ। (एक जनाले दिनमा २० घरधुरी सर्वेक्षण गर्ने अनुमान गरिएको छ)
२. इन्टरनेटको पहुँचको लागि रु.५०० एकमुष्ट दिइने छ।
३. तथ्याङ्क संकलनपूर्व स्वयंमसेवकलाई एक दिने अभिमुखिकरण तालिम दिइनेछ।

नोटः सम्पर्क मिति २०७९/०८/१५ गते विहान ११:०० बजे र सोहि दिन अन्तरवार्ता दिउँसो १:०० बजे बाट सञ्चालन गरिनेछ।

सिद्धराज भट्ट
नि. प्रमुख प्रशासकीय अधिकृत

वोद्यार्थः
श्री वडा कार्यालय १,२,३,४ र ५, लालझाडी गाउँपालिकाः- सुचना टाँस गरी दिन हुन अनुरोध छ।